**गेरुवा गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**पशुपतिनगर, बर्दिया**
**५ नं प्रदेश, नेपाल**
**२०७३**

# मोटरसाइकल आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति :- २०७५/०७/०६)**

यस गेरुवा गाउँपालिकालाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

1. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मिति सम्म फर्मको लिखित निवेदन पेश गरी यस कार्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।
2. सिलबन्दी दरभाउपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र फाराम बुझाउँदा खामको बाहीर गेरुवा गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर बर्दियालाई सम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित सूचना नं समेत स्पष्टसँग उल्लेख गर्नुपर्ने छ ।
3. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु तपसिलको मिति र समयमा गेरुवा गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित फर्मका प्रतिनिधिको रोहबरमा खोलिने छ । तर फर्म/कम्पनीको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
4. सिलबन्दी दरभाउपत्र जमानत वापत तल उल्लेखित रकम बराबर यस कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको बिडबन्ड वा मेगा बैंक नेपाल लि. पशुपतिनगर बर्दिया स्थित धरौटी खाता नं ०९९००१०००६६६८ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । विडबन्डको हकमा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि भएको हुनुपर्नेछ ।
5. आपूर्तिकर्ताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न सिलबन्दी दरभाउपत्रसाथ (क) फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मु.अ.कर र स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) आ.व २०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
6. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ ।
7. यस सूचनाको बुँदा नं ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
8. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार गेरुवा गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।
9. आपूर्तिकर्ताले सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको मालसामान गेरुवा गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर बर्दियासम्म ढुवानी गर्नुपर्नेछ । ढुवानी वापत थप रकम भुक्तानी हुने छैन ।
10. कबोल रकम शिलबन्दी दरभाउपत्रमा उल्लेख गर्दा स्पष्ट रुपमा भ्याट बाहेकको अंक उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
11. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र मो.नं ९८५८०३८११० मा सम्पर्क राख्न सकिने छ ।

| क.सं | सूचना नं | कार्य विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | सिलबन्दी दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | GRM-03/075/76 | मोटरसाइकल आपूर्ति गर्ने | २०७५/०७/१२ कार्यालय समयभित्र | २०७५/०७/१३ दिनको १२ बजे भित्र | २०७५/०७/१३ दिनको १ बजे | १०००।- | २५०००।- | १५० cc ४ थान |

प्रमुख प्रशासकिय अधिकृत